# आर्थिक वर्ष २०८३/ ०८४ को

# बजेट वक्तव्य

महाभारत गाउँपालिका

**महाभारत गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बागमती प्रदेश, नेपाल**

यस गरिमामय सभाका सभाध्यक्षज्यू,

वडा अध्यक्षज्यूहरु, गाउँसभा सदस्यज्यूहरु, विषयगत समितिका संयोजकज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, राष्ट्रसेवक कर्मचारीहरु, सञ्चार जगत, नागरिक समाज, बुद्धिजीवी, सुरक्षाकर्मी तथा आम महाभारत गाउँपालिकावासी आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरु ।

यस गरिमामय सभामा महाभारत गाउँपालिकाको तर्फबाट विकासका लागि मार्गदर्शनको रूपमा रहने गाउँसभामार्फत आगामी आ.व. २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित छु। यस महत्वपूर्ण घडीमा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि इतिहासका विभिन्न कालखण्डमा भएका क्रान्ति, सशस्त्र आन्दोलन तथा जनआन्दोलनहरूमा प्राण आहुति गर्नुहुने ज्ञात-अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। लोकतन्त्र प्राप्ति तथा गणतन्त्र स्थापनाका क्रममा अग्रणी भूमिका निर्वाह गर्नुहुने व्यक्तित्व र आम जनसमुदायमा उच्च सम्मान गर्दै हार्दिक आभार प्रकट गर्दछु। साथै विभिन्न आन्दोलनमा घाइते भएका योद्धाहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

आगामी बजेट महाभारतको समृद्धि, प्रविधिमा आधारित सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ। बजेट तर्जुमा गर्दा नेपालको संविधान, दिगो विकासको लक्ष्य, पालिकाको नीति तथा कार्यक्रम र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकतामाथिको छलफलको क्रममा सभाका सदस्यहरू, राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी तथा सरोकारवालाहरूबाट प्राप्त राय सुझावहरूलाई मार्गदर्शनको रूपमा लिएको छु।

**सभाध्यक्ष महोदय,**

हामी यतिबेला एक विशिष्ट र परिवर्तनकारी राजनीतिक तथा सामाजिक कालखण्डमा उभिएका छौं । नेपालको हालैको राजनीतिक इतिहासमा 'जेन्जी (Gen Z) आन्दोलन' र यसले ल्याएको अभूतपूर्व सत्ता परिवर्तनले राज्य सञ्चालनमा परम्परागत शैलीको अन्त्य र डिजिटल युगका युवाहरूको आकांक्षाको सम्बोधन खोजेको छ । सूचना प्रविधिको तीव्र विकास र नवप्रवर्तन (Innovation) को जगमा उभिएको यो नयाँ पुस्ताले सार्वजनिक सेवा प्रवाहमा पूर्ण पारदर्शिता, द्रुत गति, र प्रविधिको उच्चतम प्रयोगको माग गरेको छ । यस सत्ता परिवर्तन र सामाजिक रूपान्तरणले हामी स्थानीय सरकारलाई पनि नागरिकप्रति थप जवाफदेही, उत्तरदायी र प्रविधिमैत्री बन्न उत्प्रेरित गरेको छ । आगामी वर्षको बजेटले यो नयाँ पुस्ताको भावना, रोजगारीको आधुनिक अवसर र प्रविधिमा आधारित सुशासनको चाहनालाई आत्मसात् गरेको छ।

अर्कोतर्फ, वर्तमान विश्व भू-राजनीति मा आएको तीव्र उतारचढाव र शक्ति सन्तुलनको परकम्पबाट हाम्रो देश र स्थानीय अर्थतन्त्र समेत अछुतो रहन सकेको छैन । दुई ठूला छिमेकी मुलुकहरूको आर्थिक तथा सामरिक प्रतिष्पर्धा र विश्वव्यापी आर्थिक मन्दीका कारण सिर्जित आपूर्ति शृङ्खलाको अवरोधले देशको समष्टिगत आर्थिक परिसूचकहरूमा संकुचन आएको छ। तर, यस भू-राजनीतिक अवस्थितिलाई हामीले केवल चुनौतीका रूपमा मात्र हेरेका छैनौँ। यसले हामीलाई 'आत्मनिर्भर स्थानीय अर्थतन्त्र' निर्माण गर्ने र स्थानीय उत्पादनको प्रवर्द्धन गर्दै बाह्य परनिर्भरता घटाउने एउटा सुनौलो अवसर समेत प्रदान गरेको छ। महाभारत गाउँपालिकाले यस परिवेशलाई बुझ्दै आफ्नै आन्तरिक स्रोतको पहिचान र परिचालनमा जोड दिने नीति लिएको छ।

महाभारत गाउँपालिका

अब, म महाभारत गाउँपालिकाको विद्यमान आर्थिक अवस्था र चालु आ.व. को बजेट कार्यान्वयनको समीक्षा सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आ.व. २०८२/८३ मा कूल ६० करोड १३ लाख १ हजार ४ सय १३ बजेट विनियोजन भएकोमा क्षेत्रगतरुपमा हालसम्म सामाजिक विकासतर्फ ६५ .६८प्रतिशत, आर्थिक विकासतर्फ ३९.०७ प्रतिशत, पूर्वाधार विकासतर्फ ३६.५८ प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ५२.७३ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ४२.६१ प्रतिशत खर्च भएको छ। यसरी हालसम्म कूल बजेटको ५२.४१ प्रतिशत खर्च प्रगति रहेको देखिन्छ।

अब, म बजेट प्रणालीमा देखिएका मुख्य चुनौती तथा अवसर सङ्क्षेपमा प्रस्तुत गर्दछु।

यस महाभारत गाउँपालिकाको समृद्धिका लागि हामीले अझ थुप्रै क्षेत्रहरू जस्तै– शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि र रोजगारी जस्ता क्षेत्रमा अपेक्षित उपलब्धी हासिल गर्न धेरै कामहरू गर्नुपर्ने छ। त्यसका लागि दूरगामी दृष्टिकोण, दीर्घकालीन सोच, योजना निर्माण र गुणात्मक कार्यान्वयन गर्नको लागि हामीलाई पुँजीको आवश्यकता पर्दछ नै। भौगोलिक रूपमा विकट महाभारत गाउँपालिकामा देशको विषम आर्थिक अवस्थाका कारण नेपाल सरकार र प्रदेश सरकारबाट अपेक्षित बजेट अनुदान झन-झन कटौती भई आएको हुँदा हामीसँग भएका असीमित अपेक्षाहरू र योजनाहरू एकै पटकमा समेट्न र बजेट व्यवस्था गर्न कठीन छ। यस सन्दर्भमा आगामी आर्थिक वर्षहरूमा प्राथमिकीकरणको आधारमा योजनाहरू समेट्दै जाने प्रतिबद्धता दिलाउन चाहन्छु।

आर्थिक विकासको प्रभावकारिता बढाउन र राजस्व प्रणालीमा सुधार, करको दायरा विस्तार गरी लक्ष्यानुरुपको राजस्व सङ्कलन गर्नु आजको मुख्य चुनौतीको विषय रहेको छ। सार्वजनिक प्रशासनलाई व्यावसायिक, दक्ष, प्रविधिमैत्री र नतिजामुखी बनाई पालिकाको उद्देश्य प्राप्तिमा परिचालन गर्नु पनि चुनौतीपूर्ण रहेको छ।

उल्लेखित अनेकौँ चुनौती र स्रोतको संकुचनका बाबजुद गाउँपालिकाले लिएका दृढ पहलकदमीका कारण वित्तीय सुशासनको क्षेत्रमा हामीले एउटा गौरवपूर्ण इतिहास रच्न सफल भएका छौँ। हामीले **लगातार तीन आर्थिक वर्ष 'शून्य बेरुजु' कायम गर्न सफल भएका छौँ।** यो गौरविलो सफलताले हाम्रो वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिताको उच्चतम स्तरलाई प्रमाणित गर्दछ। यसका साथै वित्तीय सुशासन तथा कार्यसम्पादन मूल्याङ्कन सूचक मा समेत महाभारत गाउँपालिकाले देशैभरि अनुकरणीय कार्य गर्न सफल भएको व्यहोरा म यस गरिमामय सभा समक्ष सहर्ष जानकारी गराउन चाहन्छु। यो सफलतालाई आगामी दिनमा पनि संस्थागत गर्नु हाम्रो मुख्य दायित्व हुनेछ।

विविध कठिनाइ, भौगोलिक विकटता र चुनौतीका बाबजुद यस गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएका जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षा निकाय एवं सञ्चार जगत् प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी यात्राहरूमा पनि निरन्तर सल्लाह, सुझाव तथा सहयोगको अपेक्षा गर्दछु।

गाउँपालिकाको हरेक योजना, अभियान र कार्यमा अहर्निश सहयोग गर्नुहुने आदरणीय गाउँपालिकावासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरूमा विशेष धन्यवाद दिन चाहन्छु। नयाँ राजनीतिक चेतना र बदलिँदो परिवेशमा महाभारत गाउँपालिकालाई समृद्ध, सुशासित र आर्थिक रूपमा सबल बनाउने हाम्रो यो साझा यात्रामा यहाँहरू सबैको साथ र समर्थन निरन्तर रहनेछ भन्ने विश्वास लिएको छु।

महाभारत गाउँपालिका

सभाका सभाध्यक्षज्यू,

अब आ.व. २०८३/८४ को बजेट तर्जुमा गर्दा लिएका प्रमुख नीतिगत आधार र मुख्य मार्गदर्शन प्रस्तुत गर्न अनुमति चाहन्छु।

- नेपालको संविधानले निर्दिष्ट गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्बन्धी विषय तथा प्राथमिकताहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथमिकता आधार,
- गाउँसभाबाट आ.व. ०८३/८४ मा पारित नीति तथा कार्यक्रम,
- राष्ट्रिय प्राकृतिक तथा वित्त आयोग ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथमिकता तथा सन्तुलनका आधारहरु
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का नीतिगत व्यवस्थाहरु,
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ ले निर्दिष्ट गरेका वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु,
- नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त सिलिङ सहितको मार्गदर्शन,
- सोह्रौं योजनाले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरु,
- गाउँपालिकाको विषयक्षेत्रगत नीति तथा योजनाहरु,
- गाउँपालिकाको आवधिक योजना,
- जनतासँग निर्वाचनको समयमा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समग्र सार्वजनिक वचनवद्धताहरु।

**सभाका सभाअध्यक्षज्यू,**

सार्वजनिक स्रोतको समुचित तथा उपलब्धिमूलक परिचालन गर्न उपलब्ध अवसर र लाभको समन्यायिक वितरणको आवश्यकता महसुस गर्दै बजेटका उद्देश्य तथा प्राथमिकता तय गरेको छु।

१. कृषिको व्यवसायीकरण र उद्यमशीलतामार्फत उत्पादन र स्थानीय रोजगारी वृद्धि गर्ने।
२. विनियोजन कुशलता बढाउँदै भौतिक पूर्वाधार र सामाजिक क्षेत्रमा लगानी केन्द्रित गर्ने।
३. सीमित स्रोत-साधनको महत्तम उपयोग गरी सार्वजनिक वित्तमा सन्तुलन कायम गर्ने।
४. बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रतिफल र प्रभावकारिता बढाउने।
५. सेवा प्रवाहमा सुधार र प्रविधिको प्रयोग गर्दै सुशासन र संघीयतालाई सबल बनाउने।

**बजेटका प्राथमिकताहरू**

उल्लेखित उद्देश्यहरू हासिल गर्न देहायका प्राथमिकताहरू तय गरेको छु:

१. कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकीकरण र बजारिकरण।
२. गुणस्तरीय भौतिक पूर्वाधार निर्माण र शिक्षा, स्वास्थ्य एवं खानेपानीको विकास।
३. वन तथा वातावरण संरक्षण, जलवायु अनुकूलन र पूर्वतयारीसहितको विपद् व्यवस्थापन।
४. दक्ष जनशक्ति विकास, संस्थागत सबलीकरण र चुस्त सुशासन।
५. सार्वजनिक सेवामा सूचना प्रविधिको प्रयोग र नवप्रवर्तनमार्फत युवा उद्यमशीलता विकास।

**सभाअध्यक्षज्यू,**

विनियोजन कुशलता तथा कार्यान्वयन दक्षताको अभिवृद्धि गर्दै सार्वजनिक खर्चलाई प्रभावकारी र उपलब्धीमूलक बनाउन टेवा पुग्ने अपेक्षा राख्दै बजेट प्रणालीमा सुधारको प्रस्ताव गरेको छु। आगामी वर्षको बजेटले लिएका उद्देश्य हासिल गर्न देहाय बमोजिम सुधार प्रस्ताव गरेको छु।

- बजेट प्रणालीमा सुधार र पुँजीगत खर्च सुधारको लागि आयोजना र कार्यक्रमको प्राथमिकता तय, सार्वजनिक खरिद ऐन नियमावलीको वस्तुनिष्ठ कार्यान्वयन, सम्बद्ध निकाय तथा सरोकारवालाको जिम्मेवारी र जवाफदेहिता प्रवर्द्धन, बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा साथै अनुगमन तथा सुपरिवेक्षण प्रणालीमा सुधार गरिनेछ,
- विनियोजन कुशलता र स्रोतसाधन परिचालनमा दक्षता अभिवृद्धि गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइनेछ। सार्वजनिक खर्चमा मितव्ययीता हुने गरी आर्थिक अनुशासन कायम गरिनेछ,
- महाभारतको सन्तुलित विकास एवं समृद्धिमा योगदान गर्न सक्ने रुपान्तरणकारी तथा उच्च प्रतिफलयुक्त ठूला आयोजनाको पहिचान गरी कार्यान्वयनमा लैजाने नीति लिइनेछ,
- आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना साउन मसान्तभित्र नै स्वीकृत गरी कार्यन्वयनमा ल्याइनेछ,
- वित्तीय सुशासन कायम गर्न सूचना प्रविधिको उपयोग मार्फत पालिकाको बजेट तर्जुमा, खर्चको लेखाङ्कन, अभिलेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई व्यवस्थित गरिनेछ।

**सभाअध्यक्षज्यू,उपस्थित सभाका सदस्यज्यूहरु,**

अब, म यस आ.व. २०८३/ ०८४ का लागि संघ सरकार र प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण सम्बन्धी विवरण पेस गर्न चाहन्छु।

संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. **८ करोड ४८ लाख**, सशर्त अनुदान चालुतर्फ रु. **२१ करोड २० लाख**, सशर्त अनुदान पुँजीगत रु. **३५ लाख**, विशेष अनुदान पुँजीगततर्फ रु. **२ करोड ५० लाख**, समपूरक अनुदान पुँजीगत रु. **२ करोड ५२ लाख**, राजश्व बाँडफाँडतर्फ रु. **८ करोड ९१ लाख ४७ हजार** गरी कूल रु. ४३ करोड ९६ लाख ४७ हजार अनुमानित अनुदान प्राप्त भएको छ।

त्यस्तै, प्रदेश सरकारबाट, वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. **७१ लाख ३८ हजार**, सशर्त अनुदान चालुतर्फ रु. **४१ लाख ४ हजार**, ससर्त अनुदान पुँजी ४० लाख, विशेष अनुदानतर्फ रु. ७० लाख, समपूरक अनुदानतर्फ रु.३ करोड ६० लाख, प्रदेश सवारी करतर्फ ३ करोड २१ लाख १० हजार ६ सय ५० गरी कूल रु ९ करोड ३५ लाख २ हजार अनुदान प्राप्त हुने अनुमान रहेको छ।

त्यस्तै, आ.व. ०८३।८४ को आन्तरिक राजस्व आय प्रक्षेपण रु. **६१ लाख** , चालू आ.व. को अनुमानित नगद बैंक मौज्दात रु. १३ करोड २८ लाख ९८ हजार गरी जम्मा रु. **१३ करोड ८९ लाख ९८ हजार** रुपैया हुने अनुमान सहित **आ.व. २०८३/०८४ को कूल बजेट ६६ करोड ८९ लाख ९८ हजार** रुपैयाँ अनुमान गरिएको छ।

महाभारत गाउँपालिका

जसमध्ये, खर्चतर्फ संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान तथा राजश्व बाँडफाँड, प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान तथा सवारी कर, आन्तरिक राजश्व आय र चालु आ.व. को बैंक मौज्दात समेत जम्मा रकम रु. **६६ करोड ८९ लाख ९८ हजार** रकम मध्ये कार्यालय सञ्चालन खर्चतर्फ ८ करोड ७८ लाख ९० हजार र विकास बजेटतर्फ रु. २६ करोड ४३ लाख ४ हजार रुपैया गरि जम्मा ३५ करोड २१ लाख ९४ हजार विनियोजन गरेको छु।

संघ सशर्त अनुदानतर्फ प्राप्त रु. २६ करोड ५७ लाख तथा प्रदेशबाट सशर्त अनुदानतर्फ प्राप्त रु. **५ करोड ११** लाख ४ हजार रकम गरी जम्मा रु. ३१ करोड ६८ लाख ४ हजार रकमलाई तत् तत् तहबाट नै तय भए बमोजिम खर्च गर्ने प्रबन्ध मिलाएको छ।

**सभाका सदस्यज्यूहरु,**

अब, म आ. व. २०८३/०८४ को विभिन्न विषयगत एवं क्षेत्रगत नीतिसङ्गत कार्यक्रमहरुको प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु।

अब, म गाउँसभाको १९ औं अधिवेशनमार्फत आर्थिक वर्ष २०८३/०८४ का लागि सञ्चालन गरिने विषयगत शाखा तथा क्षेत्र भित्रका प्रमुख नीति तथा कार्यक्रमहरुमा विनियोजन गरेको बजेट प्रस्तुत गर्न चाहन्छु, यद्यपी बजेटमा गाउँ, टोल, बस्ती, प्रत्येक वडा र विभिन्न निकाय तथा क्षेत्रबाट माग भई आए बमोजिमका बजेट चाहना हुँदा हुँदै पनि बजेटको सीमित सीमा तथा अङ्क भएकाले कतिपय कार्यक्रम समावेश गर्न नसक्दा क्षमाप्रार्थी छु।
अब म आगामी आ. व. २०८३/०८४ को विषयगत एवं क्षेत्रगत रुमा समावेश गरिएका कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## १. आर्थिक विकास

### १. कृषि

- यस गाउँपालिकालाई कृषि पर्यटकीय हबको रूपमा विकास गर्न कृषि योग्य व्यापारिक र पर्यटकिय ठाउँ नविन प्रविधियुक्त नमुना कफि बगान हेर्न महाभारत जाउँ भन्ने नाराका साथ यस गाउँपालिकाको चारकिल्ला, चाउडिक, आग्रेटार, महादेवटार, फोक्सिङ्टार, ठुलोपोखरा, सानोपोखरा, सोक्तेल, अम्बलबास, थिङटोल र आरुबोट लगायतका स्थानमा कफी खेती प्रवर्द्धन गरि कफी पर्यटकीय क्षेत्रको विकास गर्न बजेट ब्यवस्था गरेको छु।
- कफी खेतीमा आकर्षण बढाउन ***"जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु. २० को नोट"*** कार्यक्रमलाई निरन्तरता दिएको छु।
- कफी बगैंचा सुधार तथा व्यवस्थापनका लागि कृषकहरूलाई आवश्यक प्राविधिक सहयोग गर्न कृषि बाली बीमा कार्यक्रमलाई बिशेष बजेट राखेको छु।
- **"एक वडा एक उत्पादन",** एक नमुना नर्सरी स्थापना कार्यक्रम, फलफूल खेती विस्तार लाई निरन्तरता दिएको छु।
- मौसमी तथा बेमौसमी फलफूल र तरकारी (विशेष गरी तरबुजा र अकबरे खुर्सानी) को उत्पादन बढाउन विभिन्न प्रविधिमा आधारित कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- रैथाने तथा स्थानीय जातका बालीहरूको उत्पादन वृद्धि गराई बजार प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- माटोको दीर्घकालीन उपज क्षमता संरक्षण गर्न प्रत्येक दुई वर्षको अन्तरालमा सबै कृषकको माटो परीक्षण अनिवार्य गराइनेछ र माटोको अवस्था समेटिएको **'माटो स्वानस्थ्य कार्ड'** किसानलाई प्रदान गर्न बजेट मिलाएको छु।

महाभारत गाउँपालिका

- कृषि पेसालाई आधुनिकीकरण र प्रतिस्पर्धी बनाउन आधुनिक कृषि यन्त्रहरू (जस्तै: मिनिटिलर, मल्चिङ प्लास्टिक, प्लास्टिक पोखरी, थोपा सिँचाइ) मा अनुदानको सीमा वृद्धि गरिएको छ।
- नयाँ जात र प्रविधिको परीक्षण प्रदर्शन, कृषि मेला प्रदर्शनी, कृषक पाठशाला, कृषक दिवस, कृषक भ्रमण र बाली उपचार शिविर जस्ता कार्यक्रमहरू सञ्चालन गर्न बजेट मिलएको छु।
- कृषकहरूले उत्पादन गरेको बालीको परिमाणका आधारमा प्रोत्साहन उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गर्न ब्यवस्था मिलाएको छु।
- गाउँपालिकाभित्रका कृषकको विवरण, बाली उत्पादन क्षेत्र र अवस्था यकिन गर्न वार्षिक रूपमा तथ्याङ्क संकलन गरी किसानहरूलाई **'किसान परिचय पत्र'** वितरण गर्ने व्यवस्था मिलाइनेछ।
- रासायनिक मल घटाउन प्राङ्गारिक मल, भर्मीकम्पोष्ट र झोल मल बनाउने कार्यक्रमलाई जोड दिएको छु।
- मिनिटिलर, मल्चिङ प्लास्टिक, प्लास्टिक पोखरी र थोपा सिँचाइ जस्ता आधुनिक यन्त्रहरूमा अनुदान वृद्धि गरिएको छ।
- उत्पादनको परिमाणका आधारमा प्रोत्साहन, अनुदान र उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

**२. पशुपन्छी विकास**

- "एक गाउँ एक पशु प्राविधिक" कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक बजेटको व्यवस्था गरिएको छ।
- कृषकहरूका लागि विभिन्न तालिम सञ्चालन गर्न ब्यसस्था मिलाएको छु।
- पशुपँक्षीको स्वास्थ्यको लागि औषधिहरू खरिद गरी पूर्ण रूपमा निःशुल्क वितरण गर्ने व्यवस्था गरेको छु।
- पशुबाट मानिसमा सर्न सक्ने घातक रोगहरूको रोकथामका लागि सचेतना र खोप कार्यक्रम राखिएको छ।
- सामुदायिक तथा घरपालुवा कुकुर/बिरालाहरूलाई रेबिज विरुद्धको खोप र बन्ध्याकरणका कार्यक्रमहरु राखेको छु।
- ५० प्रतिशत लागत साझेदारीमा घाँसेबाली नर्सरी स्थापना र प्रवर्द्धन तथा भकारो सुधार कार्यक्रममा बजेट राखेको छु।

**३. सहकारी, लघु उद्यम**

- पालिकाभित्रका सबै सहकारीहरूको लगत संकलन, नवीकरण र लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न ब्यवस्था मिलाएको छु।
- महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, बेरोजगार युवा तथा विपन्न समुदायलाई उद्यम विकास कार्यक्रममा सहभागिताको लागि प्राथमिकताका साथ कार्यक्रम राखेको छु।
- नवप्रवर्तन, डिजिटल प्रविधि तथा सूचना प्रविधिमा आधारित उद्यम विकासलाई प्रोत्साहन गरिनेछ।
- उद्यमी पहिचान तथा छनोट कार्यक्रम सञ्चालन गरी नयाँ उद्यमीहरूलाई तालिम, आवश्यक प्रविधि, औजार तथा उपकरण सहयोग उपलब्ध गराएको छु।
- उत्कृष्ट उद्यमीहरूलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रम राखेको छु।

**४. संस्कृति तथा पर्यटन**

महाभारत गाउँपालिका

- सम्भाव्य पर्यटकीय क्षेत्रहरूको पहिचान, संरक्षण, सम्भाव्यता अध्ययन र पूर्वाधार विकास, गाउँपालिकालाई खुल्ला बहुसांस्कृतिक संग्रहालयको रूपमा विकास गरी मौलिक वास्तुकला र मूर्तिकला निर्माणका कार्यक्रम राखेको छु।
- पालिकाभित्र बोलिने विभिन्न जातजातिका मातृभाषाहरूको लिपि तथा व्याकरणको संरक्षण र प्रवर्द्धन गर्न व्यवस्था मिलाएको छु।

**५. शिक्षा**

- **"महाभारतको इच्छाः अनिवार्य तथा निःशुल्क शिक्षा" अन्तर्गत जनप्रतिनिधि, शिक्षक र कर्मचारीका छोराछोरीलाई अनिवार्य सामुदायिक विद्यालयमा पढाइनुपर्नेछ।**
- प्राविधिक, विज्ञान र सामान्य धारका विद्यार्थीलाई छात्रवृत्तिको ब्यवस्था गरेको छु।
- प्रत्येक शुक्रबार 'Book Free Day' लागू गरी विद्यार्थीहरूलाई व्यावहारिक र उत्पादनमुलक सीपसँग जोड्न र "पढ्दै कमाउँदै" नीति र कार्यस्थल तालिम (OJT) कार्यक्रम राखेको छु।
- परीक्षा व्यवस्थित गर्न कक्षा ५ को वडा स्तरीय र कक्षा ८ को गाउँपालिका स्तरीय सार्वजनिक परीक्षा सञ्चालन गर्न व्यवस्था मिलाएको छु।
- बालबालिकाको आवाज सुन्न र नैतिक शिक्षा प्रदान गर्न यो र "विद्यार्थीसँग गाउँपालिका" कार्यक्रम राखेको छु।

**६. स्वास्थ्य**

- शुन्य होम डेलिभरी वडा बनाउनु गर्भवती र सुत्केरी महिलालाई निःशुल्क एम्बुलेन्स सेवा सहित संस्थागत सुत्केरी आमालाई पोषण खर्च बितरण कार्यक्रमलाई निरन्तरता दिएको छु।
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार,स्वास्थ्यकर्मिहरुको ब्यवस्थापन ,औषधी तथा औजार उपकरण ब्यवस्थापन गर्न बजेट राखेको छु।
- "**कुपोषण र विभेद, महाभारतमा निषेध**" भन्ने नाराका साथ बालबालिका तथा किशोर किशोरीहरुको नियमित स्वास्थ परिक्षण गरि जोखिमहरु समयमानै पहिचान गर्ने, उचित परामर्श दिने , स्वस्थ जिवनशैली तथा खानपिनका व्यवहारहरु सिकाउने, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा दिने, कुपोषित बालबालिकालाई पोषण खर्च वितरण साथै पोषणमैत्री र किशोर किशोरी मैत्री स्वास्थ संस्था संचानलको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।
- स्वास्थ्य संस्थालाई प्रबिधिमैत्री बनाउन आवश्यक ब्यवस्था गरेको छु ।
- **" महाभारत बन्दै छ, बा आमालाई सन्चै छ "** भन्ने नाराका साथ नसर्ने रोगहरु खास गरि मुटु तथा रक्तनली, दम, उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मृगौला रोग जस्ता रोगहरुको प्रकोपलाई न्युनिकरण गर्न र समयमा नै निदान गर्न टोल टोलमा स्वास्थ्यकर्मी तथा जनप्रतिनिधि सहितको एकिकृत घुम्ति शिविरहरु सचालन गर्नको लागि बजेट मिलाएको छु।
- संस्थागत सुत्केरिको संख्या वृद्धि गरि नवजात शिशु मृत्युदर घटाउन राष्ट्रिय महिला स्वास्थ्य स्वयम् सेबिका परिचालन, दक्षता विकास तालिम तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएको छु।
- गर्भमा रहेको बच्चाको शारिरिक रुपमा देखिन सक्ने अपाङ्ग तथा समस्याहरुलाई समयमानै पहिचान गरि अपाङ्ग हुनुवाट जोगाई भविष्यमा हुने शारिरिक तथा आर्थिक क्षतीको न्यूनिकरण गर्न वडा स्तरमानै ग्रामिण भीडियो, मानसिक , -ray सेवा सँगै एनोमालि स्क्यान सेवाको व्यवस्था गरेको छु ।
- घर्तिछाप स्वास्थ्य चौकिमा संचालनमा रहेको भ्याक्सिन सबस्टोर र पूर्ण-खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम लाई निरन्तरता दिएको छु।

- महाभारत गाउँपालिका अन्तर्गतका सम्पुर्ण नागरिकहरुको नि:शुल्क विमा गरि स्वास्थ्य सेवाको मुल प्रवाहिकरणमा समावेश गराउन बजेट राखेको छु ।
- बिद्यालय नर्स नभएका मा.बि र आ.बि मा एकिकृत बृहत स्वास्थ्य प्याकेज कार्यक्रम ( पोषण , महिनावारी सरसफाई,सर्ने तथा नसर्ने रोगहरुको परीक्षण, स्वस्थ्यकर जिवनशैली सम्बन्धि परामर्श, पत्रुखाना तथा धुम्रपान र मद्यपान नियन्त्रण ) सञ्चालन गरि बिद्यालय स्वास्थ्य कार्यक्रम राखेको छु।

७ युवा तथा खेलकुद कार्यक्रम

- **"स्वास्थ्यका लागि खेलकुद"** भन्ने मूल नाराका साथ गाउँपालिका तथा वडास्तरीय खेलकुद प्रतियोगिताहरूलाई निरन्तरता दिएको छु ।
- **अध्यक्ष कप** र आधारभूत तह (कक्षा १–८) स्तरीय **उपाध्यक्ष कप** खेलकुद प्रतियोगितालाई निरन्तरता दिएको छु ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने एवं सहभागी हुने खेलाडी र प्रशिक्षकहरूलाई **सम्मान तथा अभिनन्दन** गर्ने ब्यवस्था मिलाएको छु ।
- खेलकुदमा **महिला सहभागिता** अभिवृद्धि आवश्यकता अनुसार **विभिन्न खेलहरूको तालिम तथा प्रशिक्षण**को व्यवस्था गर्न कार्यक्रम राखेको छु ।

**८. भौतिक पूर्वाधार, खानेपानी तथा सिँचाई**

- गाउँपालिकाभित्रका सम्पुर्ण सडकहरुको अधिकारक्षेत्र तोकी मापदण्ड कार्यान्वयन गर्ने, यातायात गुरुयोजना अनुरुप नयाँ सडक निर्माण कम गर्ने र मर्मत तथा स्तरोन्नती कार्यलाई प्राथमिकताका साथ बजेट विनियोजन गरेको छु ।
- प्रत्येक आ.व.मा २ कि.मि. पक्कि सडक निर्माण गर्ने, प्रमुख आयोजनाहरुको कार्यान्वयन गर्दा वातावरणीय अध्ययन गर्ने, सडकहरुमा पानिको निकास, बायोइन्जिनियरिङ कार्यलाई प्राथमिकताका साथ ब्यवस्था मिलाएको छु ।
- गाउँपालिकाको वास प्लान निर्माण गर्ने, एक घर एक धारा निर्माण गर्ने नीतिलाई निरन्तरता दिएको छु । निर्माण गरिएका खानेपानी आयोजनाहरुमा बार्षिक रुपमा गुणस्तर परिक्षण गर्ने कार्यको सुरुवात गरिने छ ।
- गाउँपालिकाभित्र रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाहरुको प्रबर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न बजेट राखेको छु ।

**९. वन, वातावरण तथा विपद् व्यवस्थापन**

- विकास आयोजनाहरूको संक्षिप्त वातावरणीय अध्ययन (BES), प्रारम्भिक परीक्षण (IEE) र मूल्याङ्कन (BIA) अनिवार्य गरेको छु ।
- एम्बुलेन्स र दमकल जस्ता न्यूनतम पूर्वाधारसहित आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन गरिनेछ।

**१०. कार्यालय सञ्चालन, सुशासन र प्रविधि**

- नागरिकका उजुरी, समस्या र जिज्ञासालाई अनलाइन माध्यमबाट तत्काल सम्बोधन गर्न "Citizen Grievances Response App" यथाशीघ्र निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँपालिका र अन्तर्गतका सम्पूर्ण कार्यालयहरूमा कागजी प्रक्रिया कम गर्दै क्रमशः "Paperless Office" को अवधारणा लागू गर्दै आन्तरिक सञ्चार र फाइल स्वीकृतिका लागि एकीकृत प्रणाली सञ्चालन व्यवस्था मिलाएको छु ।



महाभारत गाउँपालिका

- मातहतका सबै कार्यालयहरूमा विद्युतीय हाजिरी अनिवार्य गरेको छ ।
- "हाम्रो महाभारत" मोबाइल एप निर्माण गरी नागरिक वडापत्र, सूचना, र गाउँपालिकाको प्रोफाइल सजिलै प्राप्त गर्न सकिने गरी मोबाइल एपको विकास र अद्यावधिक कार्यक्रम राखेको छु ।
- नागरिक वडापत्र, सूचना र गाउँपालिकाको प्रोफाइल मोबाइल एपमार्फत सहजै प्राप्त हुने व्यवस्था मिलाएको छु ।
- जनप्रतिनिधी र कर्मचारीमा दक्षता"नारा सहित जनप्रतिनिधि र कर्मचारीहरूको सीप विकासका लागि संघ र प्रदेश सरकारका प्रशासनिक निकायहरूसँग समन्वय गरी स्थानीय सरकार सञ्चालन, कानुन निर्माण, बजेट व्यवस्थापन, सूचना प्रविधि र वित्तीय अनुशासन सम्बन्धी नवप्रवर्तनमूलक तालिम तथा अध्ययन भ्रमण सञ्चालन गर्न बजेट ।
- भौगोलिक रूपमा विकट रहेका बस्तीहरूमा एकीकृत घुम्ती शिविर सञ्चालन गरी नागरिकता सिफारिस, स्वास्थ्य परीक्षण, र ज्येष्ठ नागरिक परिचयपत्र वितरण जस्ता सेवाहरू घरदैलोमै पुऱ्याउन ब्यवस्था मिलाएको छु ।
- करको दायरा विस्तार, आन्तरिक स्रोत नै समृद्धिको आधार" भन्ने नारा सहित गाउँपालिकाको आन्तरिक राजस्व वृद्धि गर्न व्यवसाय दर्ता प्रकृयालाई चुस्त बनाई नयाँ करको दायरा विस्तार,  ढुङ्गा, गिट्टी, बालुवा, व्यवसाय कर लगायतका क्षेत्रमा हुने चुहावट नियन्त्रण गर्न कार्यक्रम राखेको छु ।
- ""शून्य बेरुजु" को साख कायम राख्न आन्तरिक नियन्त्रण मजबुत बनाइनेछ र सबै भुक्तानी/राजस्व e-Payment बाट गर्न आवस्यक ब्यवस्था मिलाएको छु
- कर्मचारीहरूको वृत्तिविकास र मनोबल उच्च राख्न पारिश्रमिकमा **२१ प्रतिशत** वृद्धि गरिएको छ।
- कर्मचारीहरूको भविष्य र सामाजिक सुरक्षालाई ध्यानमा राख्दै **सामाजिक सुरक्षा कोष**का लागि आवश्यक बजेट विनियोजन गरिएको छ।
- वर्तमान बजार मूल्यलाई दृष्टिगत गरी कर्मचारीहरूका लागि **महँगी भत्ता** बापत बजेटको व्यवस्था गरिएको छ।

११. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम

- राष्ट्रिय रोजगार तथा युवा स्वरोजगार कार्यक्रम मार्फत स्थानीय स्तरमा स्वरोजगारमूलक कार्यक्रम राखेको छु ।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप परीक्षण गरी दक्षता अनुसारको उद्यमशीलता प्रवर्द्धन तथा उनीहरूको ज्ञान/सीप उपयोग गर्न र व्यवसाय प्रवर्द्धनका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गर्न बजेट राखेको छु ।
- वैदेशिक रोजगार बोर्डको प्रणाली (FEWMIS), विभागको प्रणाली (FEIMS), कन्सुलर सेवा र पुनः श्रम स्वीकृति जस्ता सेवाहरूलाई गाउँपालिकाको सेवा केन्द्रबाटै एकीकृत रूपमा प्रदान गर्न र पूर्व-प्रस्थान अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था गरेको छु ।
- बेरोजगार युवाहरूलाई बेरोजगार सूचीमा सूचीकृत हुन प्रोत्साहन तथा समाजमा सबै खाले काम र श्रमिकको सम्मान कायम गर्न **"श्रमको सम्मान, राष्ट्रको अभियान"** जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१२. सामाजिक सुरक्षा तथा पञ्जीकरण

- **"गाउँपालिकाको इच्छा; हातैमा सामाजिक सुरक्षा भत्ता"** यस कार्यक्रम मार्फत लाभग्राहीहरूलाई वडा-वडामै भत्ता वितरण गर्न ब्यवस्था मिलाएको छु ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नवीकरण कार्यलाई बायोमेट्रिक भेरिफिकेसन (Biometric Verification) बाट गर्न आवश्यक उपकरणको लागि बजेट राखेको छु ।
- व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुऱ्याउन **"वैशाखमा एक हप्ता; घटना दर्ता सप्ताह"** विशेष कार्यक्रम राखेको छु ।

१३. न्यायिक निरुपण

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम न्यायिक समितिको इजलासलाई नियमित र व्यवस्थित रूपमा सञ्चालन गर्न ब्यवस्था गरेको छु ।
- समुदायस्तरका मेलमिलाप केन्द्रहरूको संस्थागत सुदृढीकरण गर्न कार्यक्रम राखेको छु ।
- मेलमिलापकर्ताहरूको मनोबल र कार्यसम्पादन बढाउन क्षमता विकास, आवश्यक स्रोतसाधन र प्रचलित कानुन/मापदण्ड बमोजिम पारिश्रमिक तथा भत्ताको व्यवस्था मिलाएको छु।
- न्यायिक समितिको अभिलेख तथा सूचना व्यवस्थापनलाई प्रविधिमैत्री बनाउन उत्कृष्ट अभ्यासहरूको अध्ययनका लागि अन्य स्थानीय तहहरूसँग सहकार्य र अन्तरपालिका भ्रमण कार्यक्रम राखेको छु ।

१४. सूचना तथा प्रविधि

- कार्यालयको आवश्यकता अनुसार फिजिकल सर्भर (Physical Server) खरिद तथा जडान गरिनुका साथै स्रोतको अधिकतम उपयोगका लागि भर्चुअल मेसिन (VM) को लागि आवश्यक ब्यवस्था गरेको छु ।
- साइबर सुरक्षाको संवेदनशीलतालाई ध्यानमा राख्दै सुरक्षित सूचना प्रणाली सञ्चालनका उपायहरू अवलम्बन र यस सम्बन्धी सचेतना कार्यक्रमहरू राखेको छु ।

१५. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

- महिला, बालबालिका, अल्पसङ्ख्यक, भूमिहीन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिष्करणमा परेका वर्गहरूको जीवनस्तर सुधार्न उत्थानशील कार्यक्रमहरू राखेको छु ।
- गाउँपालिकालाई 'बालमैत्री स्थानीय तह' घोषणा गर्न तोकिएका ५१ वटा सूचकहरूका आधारमा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ। बालक्लब सञ्जाल मार्फत 'बालविवाहमुक्त गाउँपालिका' निर्माणका लागि व्यापक जनचेतनामूलक अभियान चलाउन आवश्यक ब्यवस्था गरेको छु ।
- गृहिणी महिलाहरूको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि विशेष कार्यक्रमहरू राखेको छु ।
- अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण, सीप विकास एवं अधिकार संरक्षणका कार्यक्रमहरू सञ्चालन साथै, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूको पहिचान, सम्मान र संरक्षणका कार्यक्रमहरु राखेको छु ।
- जनप्रतिनिधि र कर्मचारीहरूको कार्यक्षमता, मानसिक स्वास्थ्य र सकारात्मक सोच विकासका लागि 'तनाव व्यवस्थापन' सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमहरू राखेको छु ।

१६. **सार्वजनिक खरिद, मर्मत सम्भार तथा जिन्सी सुशासन**

- सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धी र पारदर्शी बनाउन लागत अनुमानदेखि ठेक्का सम्झौतासम्मका कार्य अनिवार्य रूपमा e-GP पोर्टल मार्फत मात्र गरिने ब्यवस्था गरेको छु ।
- कार्यालयका सवारी साधन, कम्प्युटर र मेसिनरी सामानको समयमै मर्मत सम्भार गर्न बजेट राखेको छु ।
- खरिद प्रक्रिया र जिन्सी प्रशासनलाई कानुनसम्मत एवं प्रविधिमैत्री बनाउन मातहतका कर्मचारीहरूका लागि सार्वजनिक खरिद व्यवस्थापन तथा PAMSv2 सञ्चालन सम्बन्धी अभिमुखीकरण तालिम राखेको छु ।

**विषयक्षेत्रगत बजेट**

विषय क्षेत्रगत बजेट अन्तर्गत विकास बजेटमा छुट्याइएको रु...... करोड....... लाख .... हजार रुपैया रकमलाई महाभारत गाउँपालिकाको समष्टिगत विषयक्षेत्रको आधारमा देहायको रकम विनियोजन गरिएको छ।

### १. आर्थिक विकास

| क्र.सं. | विषयक्षेत्र | निशर्त अनुदान (रु हजारमा) | जम्मा |
|---|---|---|---|
| १. | कृषि | ७४२० | ७४२० |
| २. | पशु विकास | ३८२० | ३८२० |
| ३. | लघु उद्यम विकास कार्यक्रम | १३५० | १३५० |
| ४. | वन वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | २७५० | २७५० |
| ५. | सहकारी | ५०० | ५०० |
| ६ | पर्यटन | १००० | १००० |
| जम्मा | | | **१६८४०** |

- आर्थिक क्षेत्र अन्तर्गत कृषि पशु लघु उद्यम वन वातावरण विपद् तथा सहकारी सम्बन्धी कार्यक्रमको लागि रु. **१ करोड ६८ लाख ४० हजार** विनियोजन गरिएको छ।

### २. सामाजिक विकास

| क्र.स | विषयक्षेत्र | निशर्त अनुदान(रु हजारमा) | जम्मा |
|---|---|---|---|
| १. | शिक्षा | २२३०० | २२३०० |
| २. | स्वास्थ्य | २९३५२ | २९३५२ |
| ३. | लैङ्गिक समानता तथा समावेशीकरण | ३२०० | ३२०० |
| ४. | युवा तथा खेलकुद | ३४५० | ३४५० |
| जम्मा | | | **५८३०२** |

- सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, खेलकुद, लक्षित वर्ग लैङ्गिक समानता र युवा तथा खेलकुद क्षेत्रका लागि रु ५ करोड ८३ लाख २ हजार विनियोजन गरिएको छ।

### ३. पूर्वाधार विकास

| क्र.स | विषयक्षेत्र | निशर्त अनुदान(रु हजारमा) | जम्मा |
|---|---|---|---|
| १. | संघीय समपुरक कोष तर्फ | २९८०० | |
| २. | प्रदेश समपूरक कोष तर्फ | ८००० | |

| | | | |
|---|---|---|---|
| ३. | गाउँपालिकाका बहुवर्षीय योजना क्रमागत | ३०००० | |
| ४. | सरकारी तथा गैरसरकारी संघसस्थासँग साझेदारी कार्यक्रम | १४८०० | |
| ५. | मर्मत सम्भार कोष | ४००० | |
| ६. | भैपारि आउने पुंजीगत | ३००० | |
| ७. | वडा स्तरीय नयाँ आयोजना | २०००० | |
| ८. | गाउँपालिकाको बहुवर्षीय आयोजनातर्फ नयाँ | ८००० | |
| ९. | पालिका स्तरीय आयोजना तथा विषयगत शाखा | ४८००० | |
| १०. | अधुरा आयोजनाहरु | १८४०० | |
| **जम्मा** | | | **१८४०००** |

- पूर्वाधार विकास अन्तर्गत विभिन्न स्थानीय सडक भवन विद्युतीकरण सिचाइ आदि कार्यक्रमको लागि रु. १८ करोड ४० लाख रुपैया विनियोजन गरिएको छ।

**४. संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

| क्र.स | विषयक्षेत्र | निसर्त अनुदान(रु हजारमा) | जम्मा |
|---|---|---|---|
| १ | कार्यालय सञ्चालन खर्च | ८७१९० | |
| | सूचना प्रविधी | ७०० | |
| **जम्मा** | | | ८७८९० |

- संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ गाउँपालिका तथा वडा कार्यालय सञ्चालन खर्च, तथा सूचना प्रविधि अन्तर्गत सफ्टवेयर खरिद, आदि क्षेत्रको लागि रु. ८ करोड ७८ लाख ९० हजार रुपैयाँ विनियोजन गरिएको छ।

**५ सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

| क्र.स | विषयक्षेत्र | निसर्त अनुदान(रु हजारमा) | जम्मा |
|---|---|---|---|
| १ | तथ्याङ्क प्रणाली | १६४७ | |
| २ | श्रम तथा रोजगार | २११५ | |
| ३ | कानुन तथा न्याय | १४०० | |
| **जम्मा** | | | **५१६२** |

- तथ्याङ्क प्रणाली श्रम तथा रोजगार र कानुन तथा न्यायतर्फ ५१ लाख ६२ हजार रुपैया विनियोजन गरेको छु।

**आदरणीय सभाध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु,**

अन्त्यमा, आ व २०८३/८४ को बजेट तर्जुमाको क्रममा मैले सभामा पेस गरेको बजेटका सिद्धान्त र प्राथमिकतामा गहन अन्तरक्रिया गरी मार्गदर्शन गर्नु भएकोमा सभाका सदस्यहरुप्रति कृतज्ञता प्रकट गर्दछु। साथै बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्ने विषयगत

समिति, राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, निजीक्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, करदाता, सञ्चार जगत, तथा आम महाभारतवासी प्रति हार्दिक आभार प्रकट गर्दै महाभारतको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याउने नागरिक तथा सरोकारवालाहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । दीगो आर्थिक विकास तथा सामाजिक विकास मार्फत समृद्धि हासिल गर्ने तथा डिजिटल सुशासन र सामाजिक न्याय प्रत्याभुत गर्दै समृद्ध महाभारत निर्माण गर्ने ध्येयका साथ प्रस्तुत गरिएको यस बजेटको सफल तथा अनुशरणीय कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट रचनात्मक तथा सकारात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद ।

जय महाभारत ।

१० असार, २०८३

सागर मोक्तान

उपाध्यक्ष

महाभारत गाँउपालिका